# वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान बुलेटिन

# सेरोफेरो

SEROPHERO

अंक २७-२०८१।०८२।०६ २०८२ बैशाख - जेष्ठ


## Statement of patients flow for the month of Falgu 2081

| OPD | Total Reg | Follow up within 10 days (~25%) | Grand Total |
|---|---|---|---|
| GENERAL PRACTICE & EMERGENCY MEDICINE | **3390** | **848** | **4238** |
| **SPECIAL OPD** | | | |
| ANAESTHESIOLOGY & CRITICAL CARE | 0 | 0 | 0 |
| CARDIOLOGY | 2037 | 509 | 2546 |
| CTVS (CARDIOTHORACIC AND VASCULAR SURGERY) | 255 | 64 | 319 |
| DENTAL | 2503 | 626 | 3429 |
| DERMATOLOGY & VENEROLOGY | 3889 | 972 | 4861 |
| ENT/OTORHINOLARYNGOLOGY AND HEAD & NECK SURGERY | 3522 | 881 | 4403 |
| GASTRO-ENTEROLOGY & HEPATOLOGY | 1653 | 413 | 2066 |
| INTERNAL MEDICINE | 7663 | 1916 | 9579 |
| OBSTETRICS & GYNAECOLOGY | 4814 | 1206 | 6030 |
| OPHTHALMOLOGY | 1667 | 417 | 2084 |
| ORTHOPAEDICS | 5366 | 1342 | 6708 |
| PAEDIATRICS & ADOLESCENT MEDICINE | 4093 | 1023 | 5116 |
| PSYCHIATRY | 2155 | 539 | 2694 |
| PULMONARY, CRITICAL CARE & SLEEP MEDICINE | 1145 | 286 | 1431 |
| SURGERY | 4348 | 1087 | 5435 |
| SURGICAL GASTROENTEROLOGY | 350 | 88 | 438 |
| OTHER DEPARTMENT in Midas software (Come for investigation purpose only) | 750 | 188 | 938 |
| **Sub Total** | **46220** | **11555** | **57775** |
| **EMERGENCY** | | | |
| CENTRAL | 5225 | 0 | 5225 |
| GYNAE /OBSTETRICS | 777 | 0 | 777 |
| PAEDIATRIC | 2217 | 0 | 2217 |
| **Sub Total** | **8219** | 0 | **8219** |
| **Grand Total :** | **57829** | 12403 | **70232** |
| Paying (EHS) | 3268 | | |
| Nepal Govt Social Insurance | 30194 | | |
| Other Scheme | 27635 | | |
| **Ward IPD** | **3471** | | |
| *ICU/CCU/PCCU/IMCCU/SICU* | **227** | | |
| *NICU/PICU/MICU/Nursery* | **120** | | |
| *Dialysis* | **1814** | | |

***Source: Hospital Administration***
***Prepared by Information and Communication Center***

## Statement of patients flow for the month of Chaitra 2081

| OPD | Total Reg | Follow up within 10 days (~25%) | Grand Total |
|---|---|---|---|
| GENERAL PRACTICE & EMERGENCY MEDICINE | **3401** | **850** | **4251** |
| **SPECIAL OPD** | | | |
| ANAESTHESIOLOGY & CRITICAL CARE | 0 | 0 | 0 |
| CARDIOLOGY | 2118 | 530 | 2648 |
| CTVS (CARDIOTHORACIC AND VASCULAR SURGERY) | 245 | 61 | 306 |
| DENTAL | 3092 | 773 | 3865 |
| DERMATOLOGY & VENEROLOGY | 4284 | 1071 | 5355 |
| ENT/OTORHINOLARYNGOLOGY AND HEAD & NECK SURGERY | 3576 | 894 | 4470 |
| GASTRO-ENTEROLOGY & HEPATOLOGY | 1613 | 403 | 2016 |
| INTERNAL MEDICINE | 7922 | 1981 | 9903 |
| OBSTETRICS & GYNAECOLOGY | 4965 | 1241 | 6206 |
| OPHTHALMOLOGY | 1635 | 409 | 2044 |
| ORTHOPAEDICS | 5750 | 1438 | 7188 |
| PAEDIATRICS & ADOLESCENT MEDICINE | 3671 | 918 | 4589 |
| PSYCHIATRY | 2226 | 557 | 2783 |
| PULMONARY, CRITICAL CARE & SLEEP MEDICINE | 1233 | 308 | 1541 |
| SURGERY | 4714 | 1179 | 5893 |
| SURGICAL GASTROENTEROLOGY | 275 | 69 | 344 |
| OTHER DEPARTMENT in Midas software (Come for investigation purpose only) | 653 | 163 | 816 |
| **Sub Total** | **47972** | **11993** | **59965** |
| **EMERGENCY** | | | |
| CENTRAL | 5713 | 0 | 5713 |
| GYNAE /OBSTETRICS | 672 | 0 | 672 |
| PAEDIATRIC | 2230 | 0 | 2230 |
| **Sub Total** | **8615** | 0 | **8615** |
| **Grand Total :** | **59988** | 12843 | **72831** |
| Paying (EHS) | 3437 | | |
| Nepal Govt Social Insurance | 30565 | | |
| Other Scheme | 25986 | | |
| **Ward IPD** | **4810** | | |
| *ICU/CCU/PCCU/IMCCU/SICU* | **248** | | |
| *NICU/PICU/MICU/Nursery* | **124** | | |
| *Dialysis* | **1821** | | |

***Source: Hospital Administration***
***Prepared by Information and Communication Center***

## शिक्षाध्यक्ष प्रा.डा. शर्माज्यूलाई निमित्त उपकुलपतिको जिम्मेवारी



नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा २०८२ बैशाख ४ गतेको सम्माननीय प्रधानमन्त्री तथा कुलपति स्तरीय निर्णयानुसार प्रतिष्ठानका शिक्षाध्यक्ष प्रा.डा. संजिव कुमार शर्माज्यूलाई प्रतिष्ठानको दैनिक प्रशासनिक, शैक्षिक तथा आर्थिक कार्यलाई सुचारु गर्न २०८२ बैशाखा ७ देखि प्रतिष्ठानमा नयाँ उपकुलपति सिफासिर भई नियुक्ति नभएसम्मका लागि निमित्त उपकुलपतिको जिम्मेवारी तोकिएको छ ।

### हार्दिक अनुरोध

समाचारजन्य जानकारी, कार्यक्रम, स्वास्थ्य सम्बन्धी लेख, रचना आदि सूचना तथा संचार केन्द्रमा उपलब्ध गराई दिनुहुन सम्पूर्ण शिक्षक, चिकित्सक, कर्मचारी, विद्यार्थीवर्ग एवम् सम्बद्ध सबैमा हार्दिक अनुरोध गर्दछौं । कृपया आफ्ना सामाग्रीहरुको Soft copy पठाउँदा Kantipur Font मा पठाई दिनुहुन पनि अनुरोध गर्दछौं । विशेष कारणबस सेरोफेरोको गत बैशाख महिनाको अंक समयमा प्रकाशन गर्न नसकिएकोले यहाँहरु समक्ष क्षमाप्रार्थी छौं ।

- सूचना तथा सञ्चार केन्द्र

निवर्तमान उपकुलपति डा. ज्ञानेन्द्र गिरीज्यूको कार्यकाल मिति २०८१।१२।२६ गते समाप्त भए पश्चात् शिक्षाध्यक्ष प्रा.डा. शर्माज्यूलाई उक्त निमित्त उपकुलपतिको जिम्मेवारी तोकिएको हो । शिक्षाध्यक्षज्यूले यस भन्दा पहिले पनि निमित्त उपकुलपतिको जिम्मेवारी सफलतापूर्वक सम्हाली सक्नु भएको छ ।

## प्रतिष्ठानका पदाधिकारीज्यूहरुबाट नयाँ वर्ष २०८२ को शुभकामना सन्देश

### प्रा.डा. संजिव कुमार शर्मा
### निमित्त उपकुलपति तथा शिक्षाध्यक्ष



नयाँ वर्ष २०८२ सालको शुभउपलक्ष्यमा प्रतिष्ठानका सम्पूर्ण पदाधिकारी, स्कुल/कलेज चिफ, विभागीय प्रमुख, महाशाखा/शाखा प्रमुख, प्राध्यापक, शिक्षक, चिकित्सक, प्रशिक्षक/प्रशिक्षार्थी, कर्मचारी एवम् विद्यार्थीवर्गहरुमा सुःख, शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

प्रतिष्ठानका शिक्षक/कर्मचारीहरुको अद्यावधिक वृत्तिविकास एवम् शैक्षिक उन्नयनबाट उच्च मनोबलका साथ आफ्नो कर्त्तव्य इमान्दारी एवम् जिम्मेवारीपूर्वक वहन भई प्रतिष्ठानको दीगो विकास तथा विस्तारमा टेवा पुगी शिक्षक/कर्मचारीहरुको समेत समुच्च प्रगतिमा यस नयाँ वर्षले थप उर्जा तथा गतिशिलता प्रदान गरोस् भन्ने कामना गर्दछु ।

साथै, प्रतिष्ठानमा स्वास्थ्योपचारका लागि आउने सेवाग्राहीहरुलाई आगामी दिनहरुमा सरल, सुलभ र सहज रुपमा सेवा उपलब्ध हुने आशा एवम् विश्वास व्यक्त गर्दछु ।

### प्रा.डा. सूर्य प्रसाद संग्रौला
### रजिष्ट्रार



नयाँ बर्ष २०८२ को अवसरमा प्रतिष्ठानका सम्पूर्ण पदाधिकारीज्यूहरु, डीनज्यूहरु, चिफज्यूहरु, विभागीय प्रमुखज्यूहरु, शिक्षक/चिकित्सकज्यूहरु, महाशाखा/शाखा प्रमुखज्यूहरु, वार्डेनज्यूहरु, प्रशिक्षक/प्रशिक्षार्थी/कर्मचारीज्यूहरु एवम् विद्यार्थीवर्ग तथा आम प्रतिष्ठान परिवार सबैमा सुःख, शान्ति, समृद्धि एवम् सुस्वास्थ्यको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

प्रतिष्ठान हामी सबैको गौरब एवम् राष्ट्रकै गहना हो । प्रतिष्ठानले स्थापनाकालदेखि हालसम्म हासिल गरेका उपलब्धिहरुमा यहाँ कार्यरत शिक्षक, कर्मचारी एवम् सम्पूर्ण प्रतिष्ठान परिवारको योगदान रहेको छ । यसको विकास तथा सुसंचालनको जिम्मेवारी हामी सबैको काँधमा रहेको कसैमा दुईमत छैन ।

यस वर्ष २०८२ मा पनि अझ जोस र जागरका साथ सबैजना एक आपसमा हातेमालो गर्दै प्रतिष्ठानको विकाश र विस्तारको लागि जुट्नु पर्ने अपरिहार्य रहेको छ । अतः यस अवसरमा सबैमा भातृत्व, मेलमिलाप कायम गर्दै प्रतिष्ठानको समग्र उन्नति तथा विकासको लागि अगाडी बढ्न हामी सबैमा प्रेरणा मिलोस् भन्ने कामना गर्दै पुनः नयाँ बर्षको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

### डा. जगत नारायण प्रसाद
### अस्पताल निर्देशक



**प्रिय प्रतिष्ठान परिवार,**

नयाँ वर्ष २०८२ को शुभ अवसरमा, तपाईंहरू सम्पूर्णमा मेरो हृदयदेखि मंगलमय शुभकामना व्यक्त गर्न चाहन्छु । विगत वर्षले तपाईंहरूको जिम्मेवारी प्रति समर्पण, सहनशीलता, बिरामी र समुदाय प्रतिको करुणाको अद्वितीय उदाहरण प्रस्तुत गरेको छ ।

यो नयाँ वर्षले यहाँहरूमा नयाँ आशा, उत्तम स्वास्थ, र अनन्त अवसरहरूको भरपूरता ल्याओस् । हामी सँगै मिलेर उत्कृष्टता हासिल गर्न, उपचार सेवा एवम् कार्यलाई अझ परिस्कृत बनाउन, हाम्रा सहकर्मी र सहयोगी सम्पूर्ण स्टेकहोल्डरहरूका लागि एक स्नेहपूर्ण र सहज वातावरण सिर्जना गर्न निरन्तर प्रयास गरौं ।

BPKIHS को सर्वोपरिहित, हाम्रो साझा मिशनप्रति तपाईंहरूको कडा परिश्रम र प्रतिबद्धताका लागि म हृदयदेखि आभारसाथ धन्यवाद ज्ञापन गर्न चाहन्छु । तपाईंहरूको योगदानले नै हाम्रो संस्थालाई अझ बलियो र प्रभावशाली बनाएको छ । यसरी नै अटुट सहकार्य कायम गरी नयाँ वर्षमा हामीले बढी भन्दा बढी उपलब्धि हासिल गर्न सक्छौं भन्ने कुरामा म अत्यन्त उत्साहित छु । सफलता, सहकार्य र सन्तोषले भरिएको एक उज्यालो वर्षको शुभकामना सहित ।

## मेनेजर श्री दाहालको विदाई कार्यक्रम सम्पन्न



प्रतिष्ठानको मेनेजर पदमा योजना, अनुगमन तथा मूल्यांकन महाशाखा अन्तर्गत कार्यरत श्री दिनेश राज दाहालको अनिवार्य अवकाश प्राप्त भई २०८२ बैशाख ३ गतेका दिन रजिष्ट्रार प्रा.डा. सूर्य प्रसाद संग्रौलाज्यू तथा अस्पताल निर्देशक डा. जगत नारायण प्रसादज्यूको विशेष उपस्थितिमा विदाई कार्यक्रम सम्पन्न भएको छ । प्रतिष्ठानको कर्मचारी प्रशासन शाखा तथा रजिष्ट्रार सचिवालयको तत्वावधानमा अस्पताल निर्देशक कार्यलयको सभा हलमा सम्पन्न उक्त विदाई कार्यक्रम कर्मचारी प्रशासन शाखाका प्रमुख तथा डेपुटी मेनेजर श्री विष्णु प्रसाद चापागाँईले सञ्चालन गर्नु भएको थियो । उक्त कार्यक्रममा डेपुटी अस्पताल निर्देशक, सहायक अस्पताल निर्देशक, महाशाखा/शाखा प्रमुखहरु, डेपुटी मेट्रोन लगायत कर्मचारीहरुको उल्लेख्य उपस्थिति रहेको थियो । कार्यक्रम सञ्चालनका क्रममा डेपुटी मेनेजर चापगाँईले उपस्थित सम्पूर्णलाई धन्यवाद दिँदै उक्त दिन खुशी र दुःखको सम्मिश्रित दिन रहको बताउनु भयो । "खुशी यस मानेमा छौं की, दिनेश सर आफ्नो लामो कार्यकाल सफलतापूर्वक सम्पन्न गरी जानु हुँदैछ, कामको तनाव रहितको आरामको जिन्दगी जिउन । र, दुःखी यस मानेमा छौं की, हामीले एउटा असल अभिभावक, पथप्रदर्शक गुमाउँदैछौ ।" वहाँले जोड्नुभयो ।

कार्यक्रममा बोल्ने क्रममा रजिष्ट्रारज्यूले मेनेजर श्री दाहाललाई कार्यकाल सफलता पूर्वक सम्पन्न गर्नू भएकोमा बधाई ज्ञापन गर्दै आगामी अवकाशप्राप्त जिवनका लागि शुभकामना दिनु भयो । मेनेजर दाहाल कार्यकौशलतामा निपुण तथा अनुभवी कर्मचारी रहेका बारे आफ्नो छोटो संगतबाट महशुस भएको रजिष्ट्रारज्यूले बताउनु भयो । यस प्रकारका दक्ष जनशक्तिहरुको कार्यकौशलता, विद्वता र अनुभवलाई नेपाल सरकारले विशेष नीति बनाई देश बिकासको खाका कोर्न पुनः सदुपयोग गर्नुपर्ने सुझाव दिनुभयो । त्यसैगरी, अस्पताल निर्देशकज्यूले बोल्ने क्रममा मेनेजर दाहाललाई बधाइ तथा शुभकामना दिनुभएको थियो । वहाँले पनि रजिष्ट्रारज्यूको भनाईलाई समर्थन गर्दै मेनेजर श्री दाहाल जस्ता दक्ष जनशक्तिलाई नेपाल सरकारले सदुपयोग गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।



तत्पश्चात् रजिष्ट्रारज्यू तथा अस्पताल निर्देशकज्यूले मेनेजर श्री दाहाललाई कदरपत्र तथा मायाको चिनो प्रदान गर्नुका साथै फुलको गुच्छा सहित खदा र अबिर लगाएर सम्मान गर्नुभएको थियो । कदरपत्र प्रदान गर्नु अघि रजिष्ट्रार सचिवालयका का.मु. अधिकृत श्री गोकुल खनालले उपस्थित सम्पूर्णलाई कदरपत्र वाचन गरेर सुनाउनु भएको थियो । त्यसैगरी त्यहाँ उपस्थित सम्पूर्णले पनि मेनेजर दाहाललाई फुलको गुच्छा, खदा र अबिरले सम्मान गर्नु भएको थियो ।

मेनेजर श्री दाहाल २०५१ जेष्ठ १ गतेदेखि स्थायी सेवा अन्तर्गत लेखा अधिकृत पदमा प्रतिष्ठानमा सेवा प्रवेश गर्नुभएको हो । एमबीए सम्म अध्ययन गर्नुभएको वहाँले सुपरभाइजर, डेपुटी मेनेजर हुँदै मेनेजरसम्म पदोन्नती हुँदै गर्दा प्रतिष्ठानलाई ३० वर्ष ११ महिना २ दिन आफ्नो सेवा दिनु भएको छ । वहाँको अवकाशप्राप्त जिवन सुखमय वितोस् भनि प्रतिष्ठान परिवार सदैव कामना गर्दछ ।

## अन्तर्राष्ट्रिय सम्मेलनमा प्रा.डा. शर्माको प्रस्तुती




प्रतिष्ठानका किड्नी तथा मुटुरोग विशेषज्ञ, निमित्त उपकुलपति एवम् शिक्षाध्यक्ष प्रा.डा. संजिव कुमार शर्माज्यूले भारतको राजधानी नयाँ दिल्लीमा मार्च ११, २०२५ मा सम्पन्न The Global Kidney Policy Forum 2025: Focus on South Asia शिर्षकको अन्तर्राष्ट्रिय सम्मेलनमा संभाषण दिनु भएको छ । Global Kidney Policy Forum भनेको International Society of Nephrology (ISN) द्वारा हरेक वर्ष Word Congress of Nephrology (WCN) मा आयोजना गरिने एक उच्चस्तरीय अन्तर्राष्ट्रिय सम्मेलन हो जसमा नीतिगत ब्रिफिङ्ग गर्ने गरिन्छ ।

विभिन्न देशका प्रतिष्ठित चिकित्सकहरु तथा मृगौला विशेषज्ञहरुको सहभागिता रहेको उक्त सम्मेलनमा प्रा.डा. शर्माले "Purpose of Community Based Kidney Disease Screening Through the Kidney Care Network" शिर्षकमा संभाषण दिनु भएको थियो । वहाँले आफ्नो संभाषणमा विद्यमान स्वास्थ्य सेवा प्रणालीसँग एकिकृत भई मृगौलारोगीहरुको उपचार तथा व्यवस्थापनका लागि दिर्घकालिन प्रभावकारीतालाई सुनिश्चित गर्न Kidney Care Network जस्तो दीगो कार्यक्रमहरु अपरिहार्य रहेको बारे प्रकाश पार्नु भयो । समुदायमा स्वास्थ्य सेवा सम्बन्धी विश्वास निर्माण गर्नु, विद्यमान स्वास्थ्य केन्द्रहरुको प्रयोग गरी स्थानिय स्वास्थ्य स्वयंसेवकहरुलाई द्रुत रुपमा जोखिम पत्ता लगाउने कार्यमा सशक्त बनाउनु नै मृगौला हेरचाहको क्षेत्रमा सुधार ल्याउने कुन्जी रहेको धरणा वहाँले राख्नु भयो । यस्ता कार्यक्रमहरुले दुर्गम

क्षेत्रका मृगौलारोगीहरुका लागि अझ बढी आवश्यक रहेको उपचार तथा हेरचाह पुऱ्याउन सहज हुने तथा सो कार्यका लागि जागरुकतामा वृद्धि हुने बारे पनि प्रा.डा. शर्माले बताउनु भयो । International Society of Nephrology ले सन् २००३ देखि र Kidney Care Network ले सन् २००६ देखि विश्वका विभिन्न मुलुकमा सक्रिय रुपले कार्य गर्दै आएको छ ।

## Professional Development on Essential of Education Technology for Faculty Members शिर्षकमा तालिम सम्पन्न



प्रतिष्ठानको आयोजना तथा Health Profession Education Department को तत्वावधानमा अप्रिल ७ देखि ११, २०२५ सम्म प्रतिष्ठानको HPE Hall मा Professional Development on Essentials of Education Technology for Faculty Members शिर्षकमा ५ दिने शिक्षक प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ । प्रतिष्ठानका विभिन्न विभागका शिक्षकहरुका लागि आयोजित उक्त तालिममा तीस जना शिक्षकहरु सहभागी हुनु भएको थियो ।

प्रतिष्ठानकी डीन, शैक्षिक डा. विम्मी सिंह, भूतपूर्व शिक्षाध्यक्ष प्रा.डा. विक्रम प्रसाद श्रेष्ठ, भूतपूर्व डीन, शैक्षिक प्रा.डा. नरेन्द्र भट्ट तथा Health Profession Education Core Group (HPECG) की संयोजक प्रा.डा. अन्जु प्रधान लगायत सदस्यहरुले पानसमा बत्ती बालेर कार्यक्रमको उद्घाटन गर्नु भएको थियो । प्रारम्भमा HPECG की सदस्य डा. परिनीता थापाले संचालन गर्नुभएको उक्त कार्यक्रममा संयोजक प्रा.डा. प्रधानले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उदेश्य दर्शाउनु भएको थियो । मन्तव्य राख्ने क्रममा प्रा.डा. श्रेष्ठ तथा प्रा.डा. भट्टले प्रतिष्ठान जस्तो स्वास्थ्य शिक्षण संस्थामा यस प्रकारको प्रशिक्षण अपरिहार्य रहेको प्रष्ट्याउँदै प्रतिष्ठानका हरेक शिक्षकले यस प्रकारको प्रशिक्षण लिनु पर्ने धारणा वहाँहरुले राख्नु भएको थियो भने यस प्रकारको महत्वपूर्ण कार्यक्रमका लागि आयोजकलाई धन्यवाद दिँदै कार्यक्रम सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

कार्यक्रममा सहभागीहरुलाई विद्यार्थीहरु लाई पढाउने शैली, प्रविधी तथा प्रकृया का साथै मूल्यांकन (Assessment) गर्ने विविध विधि सम्बन्धी प्रशिक्षण दिइएको थियो । उक्त प्रशिक्षण कार्यक्रमलाई प्रस्तुतीकरण, समुह कार्य, गतिविधि एवम् छलफल गरी छुट्टा छुट्टै समुहमा विभाजन गरी संचालन गरिएको थियो । कार्यक्रममा श्रोत शिक्षकको रुपमा प्रतिष्ठानबाट डीन, परिक्षा प्रा.डा.कृष्णा पोखरेल, प्रा.डा. बालकृष्ण भट्टाराई, प्रा.डा. नरेन्द्र भट्ट, प्रा.डा. तारा शाह, प्रा.डा. निर्मला लिम्बू, प्रा.डा. सिन्धु खतिवडा, प्रा.डा. अन्जु प्रधान, डा. विनोद कुमार लाल दास, डा. परिनीता थापा तथा डा. संदिप शाह रहनु भएको थियो भने प्रतिष्ठान बाहिरबाट पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका श्री शितल भण्डारी श्रोत व्यक्तीका रुपमा हुनुहुन्थ्यो ।



तालिममा आयोजना गरिएको प्यानल डिस्कसन विगतका दिनहरुमा झै Hybrid Mode मा गरिएको थियो । डा. परिनीता थापा मोडोरेटर रहनुभएको उक्त प्यान डिस्कसनमा प्रा.डा. तारा शाखा, प्रा.डा. प्रधान, प्रा.डा. खतिवडा तथा श्री भण्डारी प्यानलिष्टका रुपमा रहनु भएको थियो ।

HPECG का सदस्यहरु डा.अन्जु प्रधान, प्रा.डा.तारा शाह, प्रा.डा.निर्मला लिम्बू, डा.विजय कुमार खनाल, डा.विनोद कुमार लाल दास, डा.परिनीता थापा र डा.अभिनय लुइटेलले कार्यक्रममा सहजकर्ताको भूमिका निर्वाह गर्नु भएको थियो ।

कार्यक्रको अन्त्यमा सहभागीहरुलाई संयोजक प्रा.डा. प्रधानले प्रमाणपत्र वितरण गर्नभएको थियो । तत्पश्चात् सबैलाई प्रा.डा. लिम्बूले धन्यवाद ज्ञापन गर्दै कार्यक्रमको समापन गर्नु भएको थियो । कार्याशालामा सबै सहभागीहरुले उत्साहपूर्वक भाग लिनुका साथै यसको प्रभावकारिता बारे सकारात्मक प्रतिकृया दिँदै कार्यशाला अत्यन्तै फलदायी रहेको र यसलाई निरन्तरता दिनु पर्ने कुरामा जोड दिनु भयो ।

## प्रतिष्ठानमा अग्नाशय (Pancreas) क्यान्सर सम्बन्धी राष्ट्रिय स्तरको सम्मेलन सम्पन्न




प्रतिष्ठानमा विगत लामो समयदेखि विभिन्न किसिमको क्यान्सरको शल्यक्रिया तथा किमोथेरापी उपचार हुँदै आइ रहेको र क्यान्सरको उपचारलाई समय सापेक्ष विकासित गर्ने कोशिसमा प्रतिष्ठान सदैव गहन रुपमा लागि परेको सर्वविदितै छ । यसै क्रममा बेला बेलामा विभिन्न गोष्ठी, सम्मेलन, कन्फेरेन्स, सिएमई पनि प्रतिष्ठानले संचालन गर्ने गरेको छ । मानिसको पेटमा हुने एउटा महत्वपूर्ण अङ्ग अग्नाशय (Pancreas) मा हुने क्यान्सरको शल्यक्रिया तथा उपचार प्रतिष्ठानमा पनि हुँदै आएकोले यो

भेगका जनताले सो को उपचारका लागि कुनै समय काठमाडौं वा भारत पुग्नुपर्ने बाध्यता समाप्त हुँदै गएको स्पष्ट नै छ। यसै सन्दर्भमा देशभरीमा अग्नाशय क्यान्सरको उपचार पद्दती तथा प्रविधिलाई अझ गुणस्तरिय बनाउने विश्वासका साथ प्रतिष्ठानको आयोजना तथा ग्याष्ट्रो-इन्टेस्टाइनल सर्जरी विभाग, इन्टर्नल मेडिसिन विभाग तथा BPKIHS Students Oncology Wing को संयुक्त तत्वावधानमा अग्नाशय (Pancreas) मा हुने क्यान्सर सम्बन्धी राष्ट्रिय स्तरको एकदिने सम्मेलन सम्पन्न भएको छ।



आयोजक समितिमा अध्यक्ष जिआई सर्जरी विभागका जिआई सर्जन डा. कुणाल विक्रम देव, सचिव इन्टर्नल मेडिसिन विभागकी मेडिकल अन्कोलोजिष्ट डा. सोनिया दुलाल तथा सदस्य मेडिकल अंकोलोजिष्ट डा. राजिव शर्मा रहनु भएको उक्त सम्मेलन प्रतिष्ठानको अडिटोरियममा २०८१ चैत्र २२ गते सम्पन्न भएको थियो जसमा देशका विभिन्न स्वास्थ्य संस्थाका चिकित्सक, क्यान्सर चिकित्सक तथा शल्य चिकित्सकहरुको उल्लेखनिय सहभागिता रहेको थियो। "Pansynergy-Multimodal Management of Pancreatic Cancer" शिर्षक रहेको उक्त सम्मेलनमा अग्नाशयको क्यान्सरको निदान, सोको शल्यक्रियाको नविन पद्दतीहरु तथा आधुनिक उपचार विधिहरुका बारेमा बृहत छलफल गरिएको थियो । अग्नाशय क्यान्सरको उपचारमा सर्जरी, किमोथेरापी तथा रेडियोथेरापी बीच समन्वयलाई अझ बृद्धि गर्ने, Immunotherapy जस्तो नयाँ प्रविधिलाई नेपालको परिप्रेक्ष्यमा अनुकुलको बनाउने, चिकित्सक, शल्य चिकित्सक तथा अनुसन्धाकर्ताहरु बीच सहकार्यलाई प्रोत्साहन दिने जस्ता लक्ष्यका साथ सम्पन्न उक्त सम्मेलनमा देशभरबाट करिब १ सय भन्दा बढी चिकित्सक, मेडिकल अन्कोलोजिष्ट, रेडिएसन अन्कोलोजिष्ट तथा शल्य चिकित्सकहरुको सहभागिता रहेको थियो।

सम्मेलनको उद्‌घाटन प्रतिष्ठानका डीन प्रा.डा. शिवेन्द्र झाले पानसमा बत्ती बालेर गर्नु भएको थियो भने इन्टर्नल मेडिसिन विभागका प्रमुख प्रा.डा. रोबिन मास्के तथा सर्जरी विभागका प्रमुख प्रा.डा. सुरेश प्रसाद साहले उपस्थित सम्पूर्णलाई स्वागत मन्तव्य दिनु भएको थियो।

चारवटा सत्रमा विभाजन गरिएको उक्त सम्मेलनमा प्रस्तुती तथा प्यानल डिस्कसनको कार्यक्रम राखिएको थियो। जस अनुरुप पहिलो सत्रमा काठमाडौं मेडिकल कलेजका जीआई सर्जन डा. सुजन रेग्मीले Clinical Decision Making in Pancreatic Cancer: Approach शिर्षकमा, चितवनका जीआई सर्जन प्रा.डा. नारायण बेलबासेले Surgical Planes and Anatomy Pertaining to Pancreatic Cancer Surgery तथा प्रतिष्ठानको ग्याष्ट्रो-इन्टेरोलोजी एण्ड हेपाटोलोजी विभागका प्रमुख प्रा.डा. विक्रम प्रधानले Endoscopy in Pancreatic Cancer: Role in Diagnosis, Therapeutics and Palliation शिर्षकमा प्रस्तुती दिनुभएको थियो । उक्त सत्रको सभापतित्व प्रतिष्ठानको ग्याष्ट्रो-इन्टेरोलोजी एण्ड हेपाटोलोजी विभागका डा. डेनिस पियुष तथा सर्जरी विभागका डा. विजय श्रेष्ठले गर्नु भएको थियो । दोश्रो सत्रमा प्रतिष्ठानको इन्टर्नल मेडिसिन विभागका प्रमुख प्रा.डा. रोबिन मास्केले Diabetes in Pancreatic Cancer: Impact and Prognostic Significance, जीआई सर्जरी विभागका डा. कुणाल विक्रम देवले Pancreaticoduodenectomy for Pancreatic Head Cancer तथा पूर्वाञ्चल क्यान्सर अस्पतालका सर्जन डा. मुक्ति देवकोटाले Left Sided Pancreatic Resection for Pancreatic Body and Tail Cancer शिर्षकमा प्रस्तुती दिनु भएको थियो । त्यसैगरी, तेश्रो सत्रमा पूर्वाञ्चल क्यान्सर अस्पतालका रेडिएसन अन्कोलोजिष्ट डा. विरेन्द्र यादवले Neoadjuvant Approach to Borderline Resectable Pancreatic Cancer, विराट मेडिकल कलेजका सर्जन प्रा.डा. नरेन्द्र पण्डितले Vascular Resection Techniques in Borderline Resectable Pancreatic Cancer, तथा सोही कलेजकी रेडिएसन अन्कोलोजिष्ट डा. अस्मिता रायमाझीले Role of Radiation in Pancreatic Cancer शिर्षकमा प्रस्तुती दिनुभएको थियो । उक्त सत्रको सभापतित्व मेडिसिटी अस्पतालका सर्जन प्रा.डा. सुनिल शर्मा ढकाल तथा प्रतिष्ठानका सर्जरी विभागका प्रमुख प्रा.डा. सुरेश प्रसाद साहले गर्नुभएको थियो।

अन्तिम चौथो सत्रमा प्रतिष्ठानकी इन्टर्नल मेडिसिन विभाग अन्तर्गतको अन्कोलोजि यूनिटकी प्रमुख डा. सोनिया दुलालले Precision Medicine and Immunotherapies in Pancreatic Cancer, काठमाडौं मेडिकल कलेजका सर्जन प्रा.डा. प्रविण विक्रम थापाले Approach to artery in Locally Advanced Pancreatic Cancer तथा डा. प्रदिप भण्डारीले Survivorship in Pancreatic Cancer and Adjuvant Therapy शिर्षकमा प्रस्तुती दिनु भएको थियो। प्रत्येक सत्रको समाप्ती पश्चात प्रश्नोत्तर कार्यक्रमको व्यवस्था गरिएको थियो।

प्रस्तुतीहरु पश्चात् Case of Resectable Pancreatic Head Cancer Followed by Surgery Presenting Two Years Later with Metastasis शिर्षकमा प्यानल डिस्कसन कार्यक्रम राखिएको थियो। प्रतिष्ठानका सर्जन डा. अभिजीत कुमार तथा मेडिकल अन्कोलोजिष्ट डा. सोनिया दुलालको सभापतित्वमा सम्पन्न उक्त डिस्कसन कार्यक्रममा काठमाडौंबाट प्रा.डा. मुकुद राज जोशी, रेडिएसन अन्कोलोजिष्ट डा. विवेक घोष, मेडिकल अन्कोलोजिष्ट डा. आलोक ठाकुर प्रतिष्ठानको सर्जरी विभागका प्रा.डा. राकेश कुमार गुप्ता, प्याथोलोजी विभागकी प्रा.डा. अन्जु प्रधान, रेडियोलोजी विभागका डा. करुण देवकोटा तथा मेडिसिन विभागका

मेडिकल अन्कोलोजिष्ट डा. राजिव शर्माको सहभागिता रहेको थियो ।

सम्मेलनको अन्त्यमा डा. सोनिया दुलाल तथा डा. कुणाल विक्रम देवले समापन मन्तव्य दिनु भएको थियो भने सम्मेलनको सहभागिहरुलाई प्रमाणपत्र प्रदान गरिएको थियो । सम्मेलनका सहभागीहरुले CPD Points समेत प्राप्त गरेका थिए ।

## डा. शर्मा अन्तर्राष्ट्रिय सम्मेलनमा पुरस्कृत



प्रतिष्ठानको माइक्रोबायोलोजी विभागमा एसोसिएट प्रोफेसर पदमा कार्यरत डा. अभिलाषा शर्मा काठमाडौंमा सम्पन्न एक अन्तर्राष्ट्रिय सम्मेलनमा पुरस्कृत हुनु भएको छ । Nepalese Association of Clinical Microbiologists, FHI 36 Nepal तथा GTA Nepal को संयुक्त आयोजनामा २०८१ चैत्र ११ र १२ गते काठमाडौं स्थित पार्क भिलेज रिसोर्टमा सम्पन्न उक्त सम्मेलनको शिर्षक "Bridging Perspective, Building Resilence: One Health Approach to Contain Antimicrobial Resistance" रहेको थियो । सम्मेलनको प्रमुख अतिथि नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका स्वास्थ्य सचिव डा. विकास देवकोटा हुनुहुन्थ्यो । सम्मेलनलाई सम्बोधन गर्ने क्रममा वहाँले Antimicrobial Resistance (AMR) को नियन्त्रण गर्ने कार्यमा माइक्रोबायोलिष्टहरुले ठुलो र महत्वपूण भूमिका खेलेको बताउनु भएको थियो ।

संसारभर दिनानुदिन बढ्दै गएको Antibiotic Resistance का कारणहरु र त्यसका समाधानका उपायहरु बारे केन्द्रित रहेको सो सम्मेलनमा नेपाल सहित बंगलादेश, भारत, कम्बोडिया तथा अष्ट्रेलियाबाट माइकोबायोलोजिष्टहरु लगायत पशुपन्छी विज्ञहरु, कृषि विज्ञहरु तथा औषधि विज्ञान विज्ञहरु समेत गरी १ सय ५८ जना भन्दा बढीको सहभागिता रहेको थियो । कार्यक्रममा तीस जना भन्दा बढीले प्रस्तुती दिनु भएको थियो भने ओ्रल तथा पोष्टर गरी उन्नाइस वटा प्रस्तुती रहेको थियो जसमा प्रतिष्ठानकी डा. शर्माले Best Poster Award प्राप्त गर्नु भएको थियो । वहाँको पोष्टर प्रस्तुतीको विषय "Erysipelothrix Rhusiopathiae Endocarditis: A Case Report" रहेको थियो भने उक्त अनुसन्धान इन्टर्नल मेडिसिन विभागका प्रा.डा. संजिव कुमार शर्मा, डा. अरुण गौतम तथा माइक्रोबायोलोजी विभागकी डा. अभिलाषा शर्मा, प्रा.डा. बसुधा खनाल, डा. सम्झना पौडेल, डा. मनु तामाङ्ग लगायतको टोलीले संयुक्त रुपमा गरेको थियो । डा. शर्मालाई आयोजकका तर्फबाट रु. १० हजार नगर पुरस्कार सहित प्रमाणपत्र प्रदान गरिइएको थियो ।



व्यक्तिगत या व्यवसायिकरुपमा पशुपन्छी पालन गर्दा, कृषिजन्य वस्तु उत्पादन गर्दा, संसारका अधिकतर देशहरुमा एन्टिबायोटिक प्रयोग गर्ने गरिएको हालको परिप्रेक्ष्यमा सो पशुपन्छीको मासु तथा कृषिजन्य वस्तुको सेवनले र विरामी हुँदा एन्टिबायोटिकहरु गलत रुपमा ग्रहण गर्ने गर्दा हाल मानिसहरुमा Antibiotic Resistance बढ्दै गरेको उक्त सम्मेलनले निस्कर्ष निकालेको थियो । त्यसैगरी, त्यसको रोकथामका लागि विश्वाव्यापी रुपमै Antibiotic को प्रयोगमा न्युनिकरण गर्न विश्व स्वास्थ्य संगठनले कदम चाल्नुपर्ने समेत सम्मेलनले निस्कर्ष निकालेको थियो ।

डा. शर्मा अन्तर्राष्ट्रिय सम्मेलनमा पुरस्कृत हुनु भएकोमा प्रतिष्ठान परिवार बधाई ज्ञापन गर्दै अगामी उज्ज्वल भविष्यको शुभकामना व्यक्त गर्दछ ।

## डा. दुलाल एच्भिओ गोल्डेन एप्पल अवार्ड बाट सम्मानित



प्रतिष्ठानको इन्टर्नल मेडिसिन विभागकी एसोसिएट प्रोफेसर एवम् मेडिकल अन्कोलोजिष्ट डा. सोनिया दुलाललाई अमेरिकाको एक स्वास्थ्य संस्था हेल्थ भोलिन्टियर्स ओभरसिज -एच्भिओ) ले यस वर्षको एच्भिओ गोल्डेन एप्पल अवार्ड प्रदान गरेको छ । उक्त संस्थाले विश्व स्वास्थ्य दिवस र विश्व स्वास्थ्यकर्मी सप्ताहको अवसर पारेर स्रोत अभाव भएका देशहरूमा स्वास्थ्यकर्मीहरूको शिक्षा र व्यावसायिक विकासमा उत्कृष्ट योगदान पु¥याउने स्वास्थ्य क्षेत्रका शिक्षक, सल्लाहकार तथा विशेषज्ञहरुलाई हरेक वर्ष पुरस्कृत तथा सम्मानित गर्ने गरेको छ । सन् २००६ देखि प्रदान गरिदै आइएको यस अवार्डद्वारा एचभिओले स्वास्थ्यकर्मीहरूको क्षमता विकासका माध्यमबाट विश्वभरका मानिसहरूलाई सुरक्षित र दक्ष उपचार सेवा उपलब्ध गराउने उद्देश्यलाई प्रोत्साहन गर्ने गरेको छ । एचभिओले विश्वभर प्रभावकारी स्वास्थ्य सेवा पुर्याउने ट्रमा केयर, शिशु तथा मातृ स्वास्थ्य, आधारभूत शल्यक्रिया, क्यान्सर उपचार, पुनर्स्थापना सेवाजस्ता क्षेत्रमा काम गर्दै आएको छ ।

डा. दुलालले सन् २०२० देखि प्रतिष्ठानमा सेवा प्रवेश गरी अन्कोलोजी यूनिटको विकासमा अग्रणी भूमिका खेल्दै आउनु भएको छ । प्रतिष्ठानमा यस भन्दा अघि पनि क्यान्सरको उपचार हुँदै

आएको भएता पनि वहाँको आगमन पश्चात् क्यान्सरका विरामीहरुका लागि प्रतिष्ठानले छुट्टै तथा विशिष्ट सेवा संचालनमा ल्याएको हो । वहाँको सक्रियतामा हाल प्रतिष्ठानमा इन प्यासेन्ट अंकोलोजी सेवा, केमोथेरापी इन्फ्युजन डे केयर युनिट, आउट प्यासेन्ट अंकोलोजी सेवा तथा क्यान्सर स्क्रिनिङ क्लिनिक जस्ता सेवाहरु संचालनमा ल्याइएको छ । वहाँले विद्यार्थीहरूसँग मिलेर समुदायमा जनचेतना अभिवृद्धि गर्न स्क्रिनिङ्ग र शिक्षा अभियानहरू पनि सञ्चालन गर्नुभएको छ । समुदायमा क्यान्सर स्क्रिनिङ र जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने विद्यार्थी समूह गठन गर्न पनि वहाँको विशेष भूमिका रहेको छ । साथै वहाँले क्यान्सर स्क्रिनिङ सम्बन्धी मार्गनिर्देशन, केमोथेरापी अर्डरहरू र उत्कृष्ट अभ्यासहरूको विकास गर्नुभएको छ । वहाँको योगदानका कारण स्रोत अभाव भएका समुदायहरूमा गुणस्तरीय स्वास्थ्य उपचार सेवा विस्तार गर्न प्रतिष्ठानले महत्वपूर्ण भूमिका खेल्न सकेको छ । सन् २०२३ मा डा. दुलाल कै सक्रियतामा यस प्रतिष्ठानमा नयाँ कार्यक्रम (डिएम मेडिकल अंकोलोजी) सुरु गरियो । प्रतिष्ठानको आयोजनामा वहाँले नेपाल, भारत क्यानडा र अमेरिका विशेषज्ञहरूको सहभागितामा पाठ्यक्रम विकास कार्यशाला सञ्चालन गर्नु भएको थियो ।

डा. दुलाल HVO Golden Appel Award बाट सम्मानित हुनु भएकोमा प्रतिष्ठान परिवार बधाई ज्ञापन गर्दै अगामी उज्ज्वल भविष्यको शुभकामना व्यक्त गर्दछ ।

## प्रतिष्ठानमा "Developing Effective Nurse Leadership" शिर्षकमा कार्यशाला गोष्ठी सम्पन्न

प्रतिष्ठानको आयोजना तथा नेपाल नर्सिङ्ग संघ, वी.पी. कोइराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान इकाई समितिको तत्वावधानमा २०८१ चैत्र १९ गते मंगलबारको दिन प्रतिष्ठानको एच्पीई हलमा "Developing Effective Nurse Leadership" शिर्षकमा एक दिने कार्यशाला गोष्ठी सम्पन्न भएको छ । प्रतिष्ठानकी मेट्रोन तथा उक्त नर्सिङ्ग संघ इकाई समितिकी अध्यक्ष श्री कला थापाको अध्यक्षतामा प्रतिष्ठानमा कार्यरत सिनियर स्टाफ नर्सहरुको नेतृत्व क्षमतामा अभिवृद्धि तथा कार्यकौशलताको अझ बढी विकास होस् भन्ने उदेश्यका साथ सम्पन्न उक्त गोष्ठीमा प्रतिष्ठानमा कार्यरत ४४ जना सिनियर स्टाफ नर्सहरुको सहभागिता रहेको थियो ।



गोष्ठीको उद्घाटन मेट्रोन श्री थापा, कलेज अफ नर्सिङ्गका चिफ प्रा. रमानन्द चौधरी, मेडिकल सर्जिकल नर्सिङ्ग विभागकी प्रा. पुष्पा पराजुली, साइकियाट्रीक नर्सिङ्ग विभागकी प्रा. समी लामा, चाइल्ड हेल्थ नर्सिङ्ग विभागका प्रमुख प्रा. उपेन्द्र यादव तथा डेपुटी मेट्रोन श्री विष्णु माया तामाङ्गले संयुक्त रुपमा पानसमा बत्ती बालेर गर्नु भएको थियो । उक्त कार्यक्रममा प्रतिष्ठानमा कार्यरत सिनियर नर्सिङ्ग अफिसर लगायत नर्सिङ्ग कर्मचारीहरुको पनि उपस्थिति रहेको थियो ।

कार्यक्रममा श्रोत व्यक्तीका रुपमा उपस्थित कलेज अफ नर्सिङ्गका शिक्षकहरुले "Developing Effective Nurse Leadership" शिर्षक अन्तर्गतको विविध विषयहरुमा प्रस्तुती सहितको विश्लेषणात्मक व्याख्यान दिनु भएको थियो । यस क्रममा मेडिकल सर्जिकल नर्सिङ्ग विभागकी प्रा. पराजुलीले "Communication in Management: Skill required for Nurse Managers" विषयमा, साइकियाट्रिक निर्सिङ्ग विभागकी प्रा. लामाले "Creating Positive Work Environment" विषयमा, चाइल्ड हेल्थ नर्सिङ्ग विभागका प्रमुख प्रा. यादवले Role of the Nurse Manger in Operational Management of Ward" विषयमा तथा कलेज अफ नर्सिङ्गका चिफ प्रा. चौधरीले "Nurse Leadership: Developing Leadership and Opportunities" विषयमा प्रस्तुती तथा व्याख्यान दिनु भएको थियो।

कार्यक्रमको दोश्रो सत्रमा सहभागीहरुलाई विभिन्न समुहमा विभाजन गरी सामुहिक कार्य (Group Work) गराइएको थियो । "Managerial Issues in Daily Clinical Practice and Strategies for Its Management (Conflict, Patient Care, Professional Behavior and Ethical dilemma)" शिर्षकमा भएको उक्त Group Work लाई मेट्रोन श्री थापा, डेपुटी मेट्रोन श्री तामाङ्ग तथा सिनियर नर्सिङ्ग अफिसर श्री कृष्णा गुप्ताले सहजिकरण गर्नुभएको थियो ।



कार्यक्रमको अन्त्यमा सहभागीहरु सम्पूर्णलाई प्रमाणपत्र प्रदान गरिएको थियो भने श्रोत व्यक्तिहरुलाई मायाको चिनो प्रदान गरिएको थियो । मेट्रोन श्री थापाले उपस्थित सम्पूर्णलाई धन्यवाद मन्तव्य दिनुभएको थियो ।

कार्यक्रमको संचालन नेपाल नर्सिङ्ग संघ वी.पी, कोइराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान इकाईको सदस्य तथा प्रतिष्ठानको सिनियर स्टाफ नर्स श्री सकुन रसाइलीले गर्नुभएको थियो । आगामी दिनहरुमा पनि नर्सिङ्ग पेशालाई अझ व्यवस्थित र सशक्तिकरण तथा क्षमतावान बनाउन बिबिध कार्यक्रमहरुको आयोजना गरिने मेट्रोन तथा अध्यक्ष श्री थापाले जानकारी दिनुभयो ।

# परिक्रमा विद्यार्थी परिवारको Symposium cum Talk Show सम्पन्न



विगत वर्षहरुमा झैं यस वर्ष पनि प्रतिष्ठानको परिक्रमा विद्यार्थी परिवारको तत्वावधानमा प्रतिष्ठानमा अप्रिल २५ र २६ मा आठौं संस्करणको Symposium cum Talk Show कार्यक्रम सम्पन्न भएको छ । "सहकार्यका नयाँ सीमाहरुको अन्वेषण: चिकित्सा र मानविकी (Exploring New Frontiers of Collaboration – Medicine & Humanities)" शिर्षक रहेको उक्त कार्यक्रमको उद्घाटन प्रतिष्ठानका निमित्त उपकुलपति तथा शिक्षाध्यक्ष प्रा.डा. संजिव कुमार शर्माज्यू, माइक्रोबायोलाजी विभागकी प्रा.डा. बसुधा खनाल, अर्थोपेडिक्स विभागका प्रा.डा. विक्रम प्रसाद श्रेष्ठ तथा उक्त कार्यक्रमका Convener तथा इन्टर्नल मेडिसिन विभागका प्रमुख प्रा.डा. रोबिन मास्के ले संयुक्त रुपमा पानसमा बत्ती बालेर गर्नुभएको थियो । उक्त कार्यक्रममा राष्ट्रका उत्कृष्ट प्रेरणादायी व्यक्तित्वहरु, स्वास्थ्य सेवा पेशामा संलग्न व्यक्तित्वहरु, कलाकार, लेखक, समाजिक सञ्जालमा ख्यातिप्राप्त व्यक्तित्वहरु लगायत प्रतिष्ठानका शिक्षक तथा कर्मचारीहरु वक्ताका रुपमा सहभागि हुनुहुन्थ्यो । यसका साथै, प्रतिष्ठानकी डीन, पक्षिा प्रा.डा. कृष्णा पोखरेल, प्रवक्ता प्रा.डा. अन्जु प्रधान, शिक्षक, चिकित्सक, कर्मचारी लगायत विद्यार्थीहरुको कार्यक्रममा उल्लेख्य रुपमा उपस्थिती रहेको थियो ।

विद्यार्थीहरुले राष्ट्र गान तथा प्रतिष्ठान गान प्रस्तुत गर्दै प्रारम्भ भएको उक्त कार्यक्रममा शुरुवातमा विद्यार्थी प्रतिनिधी डा. स्वीकृती मुखीया, विद्यार्थी कल्याण समाजका अध्यक्ष नवराज देव तथा जुनियर रेसिडेन्ट वेलफेयर सोसाइटीका अध्यक्ष डा. तरन्नुम बानोले उपस्थित सम्पूर्णलाई सम्बोधन गर्नु भयो भने कार्यक्रमका Convener प्रा.डा. मास्केले स्वागत मन्तव्य दिनु भएको थियो ।



त्यसैगरी डीन, परिक्षा तथा परिक्रमा विद्यार्थी परिवारकी सल्लाहकार प्रा.डा. पोखरेल तथा निमित्त उपकुलपति तथा शिक्षाध्यक्ष प्रा.डा. शर्माज्यूले उपस्थित सम्पूर्णलाई सम्बोधन गर्दै आ-आफ्नो मन्तव्य राख्नु भएको थियो ।



तत्पश्चात् कार्यक्रमको सुरुवात चिर परिचित लेखिका तथा पत्रकार भूषिता वशिष्ठ ज्यूको Keynote Speech बाट भयो । वहाँले विज्ञान र मानविकीबीचको संवादको परिवर्तनकारी शक्तिलाई जोड दिँदै यसबाट उदार अनि सकरुण स्वास्थ्य सेवा प्रणालीका साथै लचिलो समाज निर्माण गर्न सकिने विषयलाई औल्याउनु भयो । सहानुभूति र संवाद प्रभावकारी उपचारका लागि मात्र आधारभूत नभएर बिरामीको नतिजामा व्यापक सुधार ल्याउन पनि उत्तिकै महत्वपूर्ण रहने कुरामा समेत वहाँले प्रकाश पार्नुभयो । एउटा बिरामीलाई रोग बोकेको शरीरका रुपमा मात्र नहेरेर उसका मानवीय गुण र ऊमाथि आइपरेका समस्यालाई गहन रुपमा केलाउँदै दया र सहानुभूतिका साथ उपचारमा लाग्न सके एउटा सफल स्वास्थ्य सेवा प्रदायक बन्न सकिने वहाँले बताउनुभयो ।

विगत वर्षहरुमा झैं यस वर्ष पनि सामुहिक छलफल (Panel Discussion) कार्यक्रम सञ्चालन गरिएको थियो । "मानसिक स्वास्थ्यमा सामाजिक सञ्जालको प्रभाव (Digital Well Being: The Impact of Social Media on Mental Health)" यस वर्षको पहिलो सामुहिक छलफलको विषय रहेको थियो भने सो छलफललाई संचालन गर्न सहजकर्ताको भूमिका काठमाण्डौकी परामर्श मनोवैज्ञानिक संगीता खड्काज्यूले निर्वाह गर्नुभयो ।



छलफलमा प्रतिष्ठानका मनोचिकित्सा विभागका डा. संजीव कुमार मिश्राका साथै काठमाण्डौकी गेस्टाल्ट मनावैज्ञानिक सजीना ढुङ्गाना, काठमाण्डौंकी फिजियोथेरापिस्ट साथै सामाजिक सञ्जालमा परिचित व्यक्तित्व माहिया र प्रतिष्ठानका विद्याथी प्रतिनिधि इन्टर्न डा.अरिन्दम बेनर्जीको उपस्थिति थियो । उक्त छलफलले सामाजिक सञ्जालका कारण उत्पत्ति हुने तनाव साथै स्वस्थ अनलाइन बानीहरु प्रवर्द्धन गर्ने रणनीतिहरुको व्यवस्थापनमा बहुआयामिक अन्तर्दृष्टि प्रदान गऱ्यो ।

त्यसैगरी, अभिव्यक्तीको स्वतन्त्रता र सामुदायिक भावनाहरुको सन्तुलन (Balancing Freedom of Speech and Community Sentiments: Where Should We Draw the Line) विषयमा दोश्रो सामुहिक छलफल सम्पन्न भयो । लेखिका तथा पत्रकार वशिष्ठले सञ्चालन तथा सहजिकरण गर्नु भएको उक्त छलफलमा चर्चित स्ट्याण्ड-अप् हाँस्य कलाकार आदर्श कुमार मिश्रा, वरिष्ठ लेखक तथा पत्रकार केदार शर्मा र प्रतिष्ठानकै दन्त चिकित्सा महाविद्यालयमा प्रोस्थोडोन्टिक्स विभागमा कार्यरत डा. विशाल बाबु बस्नेतको सहभागिता थियो । आत्म-अभिव्यक्ति र

सामाजिक संवेदनशीलता बीचको नाजुक सन्तुलनको जाँच गर्दै उक्त छलफलले रचनात्मक स्वतन्त्रता संरक्षण गर्दै बहुलवादको सम्मान गर्ने जिम्मेवार संवादको आवश्यकता रहेको कुरामा जोड दियो ।



पहिलो सामुहिक छलफल पश्चात् वरिष्ठ लेखक तथा पत्रकार शर्मा तथा शिक्षाविद्, लाइफ स्किल प्रशिक्षक एवम् उद्यमी सरोज ताम्राकारले संभाषण दिनु भएको थियो । उक्त दिनको कार्यक्रम प्रतिष्ठानका विद्यार्थीद्वय शंकर बाबु आचार्य तथा प्रमिला श्रेष्ठले संचालन गर्नुभएको थियो ।



कार्यक्रमको दोश्रो दिनको कार्यक्रमको शुरुवात विद्यार्थीहरुको Musical Performance बाट भएको थियो । तत्पश्चात् "स्वास्थ्य सेवाको सुरक्षाः स्वास्थ्यकर्मीहरुप्रति हुने दुर्व्यवहारको प्रभाव (Safeguarding Healthcare: The Impact of Abuse on Worders, Healthcare Systems and the Future Workforce)" विषयमा तेश्रो सामुहिक छलफल भएको थियो । छलफलमा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानका निवर्तमान उपकुलपति तथा वरिष्ठ हाडजोर्नी विषेशज्ञ डा. मंगल रावल, गण्डकी प्रदेश, प्रादेशिक सामन्य तथा संक्रामक रोग अस्पतालका कार्यकारी निर्देशक डा. विकास गौचन, प्रतिष्ठानको तर्फबाट फोरेन्सिक मेडिसिन तथा टक्सिकोलोजी विभागका डा. विकास शाह र वरिष्ठ नर्सिङ अफिसर जमुना भुर्तेल संलग्न हुनुहुन्थ्यो ।

